केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४०/०६५/६६ मिति : २०६६/०१/१६

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु ("घ" वर्गका बाहेक),**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. बैंक तथा वित्तीय संस्थाले विपन्न वर्गमा प्रवाह गर्नुपर्ने ३ प्रतिशत ("क" वर्ग), १.५ प्रतिशत ("ख" वर्ग) र १ प्रतिशत ("ग" वर्ग) रकम यदी विपन्न वर्गमा प्रवाह गरिसकेको भए पहिलो बर्षको हकमा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कूल रकमको एक तिहाईको ०.२५, २०६६ बैशाख मसान्तभित्र; ०.५०, २०६६ आषाढ मसान्तभित्र; ०.७५, २०६६ आश्विन मसान्तभित्र र बाँकी हुन आउने रकम २०६६ पौष मसान्तभित्र नेपाल सरकार, अर्थ मन्त्रालय, युवा तथा साना व्यवसायी स्वरोजगार कोष (यसपछि कोष भनिएको) को नाममा आफ्नै संस्थामा खोलिएको खातामा जम्मा गर्नु पर्नेछ । बैंक तथा वित्तीय संस्थाले उपरोक्त उल्लेखित रकमभन्दा बढी रकम उक्त खातामा जम्मा गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन । कोषमा जम्मा भएको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले कोषलाई प्रवाह गरिएको कर्जा मानिनेछ र यसरी जम्मा गरिएको रकमलाई विपन्न वर्गमा गणना गरिनेछ ।

२. बैंकले बुँदा नं. १ अनुसार प्रवाह गरेको कर्जा जुनसुकै अवस्थामा कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी व्यवस्थाको प्रयोजनको लागि असल कर्जामा समावेश गरिनेछ । यसैगरी बैंकले यस्ता कर्जा पूँजी पर्याप्तता (Capital Adequacy) BASEL II अन्तर्गत Claims on Government शीर्षकमा राख्न सक्ने र "ख" र "ग" वर्गका वित्तीय संस्थाले यस्ता कर्जामा शुन्य जोखिम भार प्रदान गर्न सक्नेछ ।

३. खाता खोल्ने, खाता संचालन गर्ने र कर्जा सम्झौतामा हस्ताक्षर गर्ने अख्तियारी सहितको कागजात लिई "युवा तथा साना व्यवसायी स्वरोजगार कोष" को नाममा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नुपर्नेछ ।

४. बैंक तथा वित्तीय संस्थाबाट कोषलाई प्रवाह गरिएको बुँदा नं. १ को रकम चुक्ता गर्ने दायित्व कोषको हुनेछ ।

५. कोष र बैंक तथा वित्तीय संस्था बिचको सम्झौता अनुसूची १ मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ । यस प्रयोजनको लागि उक्त सम्झौता बाहेक अन्य कुनै कागजात आवश्यक पर्ने छैन ।

६. बैंक तथा वित्तीय संस्थाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावली, २०६५ अन्तर्गत युवा तथा साना व्यवसायीहरुलाई परियोजना मात्र धितो लिई दुई लाखसम्मको कर्जा लगानी गरेमा त्यस्तो कर्जालाई विपन्न वर्गमा गणना गरिनेछ । तर, बुँदा नं. १ मा उल्लेख भएको जम्मा गर्नु पर्ने रकममा कट्टा गर्न पाईने छैन । यस्तो कर्जा प्रवाह गर्दा देहाय बमोजिमका व्यवस्थाहरु लागू हुनेछन् :

क. व्यवसायको उद्देश्य अनुसार कर्जा अवधी बढीमा पाँच बर्षसम्मको हुनेछ र बैंक तथा वित्तीय संस्थाको नियमानुसार तोकेको किस्तामा बुझाउनु पर्ने गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले किस्ता तोक्नेछ र साँवा व्याज भुक्तानी छुट अवधि (Grace Period) कोषले तोके अनुसार हुनेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

ख. सम्बन्धित व्यक्तिले गर्ने स्वरोजगारमूलक व्यवसायसँग सम्बन्धित चल अचल सम्पत्ति नै सम्पूर्ण साँवा व्याज भुक्तान नहुन्जेलसम्म बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको धितो हुनेछ ।

ग. कर्जा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंक तथा वित्तीय संस्थामा नीहित रहनेछ ।

घ. उपरोक्त बमोजिम कर्जाको जोखिम तथा ऋण असुल उपर गर्नुपर्ने दायित्व सम्बन्धित बैंक तथा वित्तीय संस्थामा रहनेछ ।

७. बैंक तथा वित्तीय संस्थाले बुँदा नं. ६ बमोजिमको कर्जा प्रदान गर्न युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट बार्षिक ७ प्रतिशत व्याजमा पुनरकर्जा लिन सक्नेछ ।

८. कोषको संचालन युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावली, २०६५, कर्जा तथा वीमा व्यवस्था सम्बन्धी निर्देशिका, २०६५ र यस बैंकबाट जारी यसै परिपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

९. पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/३३/०६५/६६ मिति २०६५।११।१९ तथा बै.वि.नि.वि./नीति/परिपत्र/३६/०६५/६६ मिति २०६५।१२।१२ को परिपत्रको बुँदा नं.२ खारेज गरिएको छ ।

भवदीय,

(भुवन कंडेल)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
६. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।